

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५५ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २८ अंक २ | कात्तिक – पुस २०७७ | Year 28 Vol 2 | Nov. 2020 - Jan. 2021


## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको
# ५६ औं वार्षिकोत्सव हुँदै

**काठमाडौं, २९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५६ औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा ३४ सदस्यीय मूल समिति गठन गरिएको छ । विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण यसवर्षको वार्षिकोत्सव मुल समारोह कार्यक्रम प्रविधिको प्रयोग गरी भर्चुअल माध्यमबाट आयोजना गरिने छ । वार्षिकोत्सवलाई सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उपसमितिहरु समेत गठन गरिएको छ । नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीको संयोजकत्वमा अतिथि सत्कार तथा अन्तर संवाद कार्यक्रम उपसमिति गठन गरिएको छ भने उपकार्यकारी अधिकृत सरस्वती अधिकारीको संयोजकत्वमा माघ ५ गते संचालन हुने गरी रक्तदान उपसमिति गठन गरिएको छ । उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीको संयोजकत्वमा मन्च तथा प्रविधि व्यवस्थापन उपसमिति गठन गरिएको छ । त्यस्तै उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनालको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उप समिति गठन गरिएको छ । कोभिड-१९ को कारण यसवर्ष कुनैपनि खेलकुद कार्यक्रम आयोजना नगरिने बताइएको छ ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक


## उद्यमी बन्न चाहने युवाका लागि स्टार्टअप आइडिया कल




**काठमाडौं, २४ मंसीर**

नविनतम सोचका साथ उद्यमी बन्न चाहने युवाका लागि नवप्रर्वतन प्रस्ताव आह्वान (Startup Idea Call ) कार्यक्रम सुरु भएको छ। सरकार, वित्तीय संस्था र नीति क्षेत्र बीच त्रिपक्षीय सहमति अनुसार बागमती प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय वाणिज्य बैंक र विशाल फाउण्डेशनले संयुक्त रुपमा नवप्रवर्द्धन प्रस्ताव आह्वान ( Start-up Ideas Call) कार्यक्रम सुरु गरेका हुन् । काठमाडौंमा आयोजित समुद्घाटन सत्रमा वेबसाइट र भिडियो सन्देशमार्फत पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले समुद्घाटन गर्नु भयो ।

समुद्घाटन मन्तव्य राख्दै पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले व्यवसाय सफल नहुने मुख्य कारण सम्पूर्ण पक्षहरुबीच तालमेल नहुनु

थप समाचार पृष्ट ३ ▶▶

## राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष धनिराम शर्माद्वारा शपथ ग्रहण



**काठमाडौं, २३ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड संचालक समितिका अध्यक्ष धनिराम शर्माले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा १ वमोजिम पद तथा गोपनीयताको शपथ लिनु भएको छ । बैंक संचालक समितिको बैठकले धनिराम शर्मालई अध्यक्षमा चयन गरेको हो । अध्यक्ष धनिराम शर्मा नेपाल सरकार अर्थ मन्त्रालयका सह सचिव हुनुहुन्छ । शर्मा यस अघि नै नेपाल सरकार अर्थ मन्त्रालयबाट बैंकको संचालकको रुपमा नियुक्त भई कार्यरत हुनुहुन्थ्यो । शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, अन्य उच्च पदाधिकारीहरु र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

थप समाचार पृष्ट ६ ▶▶

# राष्ट्रिय वाणिज्य बैंक र विभिन्न पालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता



**काठमाडौं, २२ पुस**

पूर्व गृह र उर्जा तथा जलस्रोत मन्त्री तथा संघीय संसदका सांसद माननीय जर्नादन शर्माको समुपस्थितिमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र **चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) जिल्ला** बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा काठमाडौंमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र चौरजहारी नगरपालिकाका नगर प्रमुख विशाल शर्माले हस्ताक्षर गर्नुभएको छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र **दुधौली नगरपालिका (सिन्धुली जिल्ला)** बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दुधौली नगरपालिकाका नगर प्रमुख घनश्याम राउतले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि नगरलालिकाले नगर क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गतकर्जा लगानी गर्ने छ ।



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र **बेलबारी नगरपालिका (मोरङ्ग जिल्ला)** बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा काठमाडौंमासम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र बेलबारी नगरपालिकाका नगर प्रमुख ज्ञानेन्द्र सुवेदीले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि नगरपालिकाले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(संशोधन समेत) अन्तर्गत उद्यम तथा व्यवसाय गर्न सम्भाव्य र इच्छुक समुहलाई परामर्श तथा उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने र तालिम प्राप्त उद्यमीरुको ५-५ जनाको समूह बनाई सहकार्य समूह, उद्यमी, फर्म, कम्पनी, तथा सहकारीहरुलाई कर्जाका लागि बैंकको शाखामा सिफारिस गर्ने छ । नगरपालिकाले सिफारिश गरेका उद्यमीहरुलाई बैंकले नियमानुसार प्रत्येक समूहलाई अधिकतम पाँच लाख रुपैंयासम्म सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ ।



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र **महालक्ष्मी नगरपालिका (ललितपुर जिल्ला)** बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र महालक्ष्मी नगरपालिकाका नगर प्रमुख रामेश्वर श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि नगरपालिकाले नगर क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गतकर्जा लगानी गर्ने छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र **खजुरा गाउँपालिका (बाके जिल्ला)** बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा खजुरामा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका लुम्बिनी प्रादेशिक प्रबन्धक आनन्द सुवेदी र खजुरा गाँउपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपतिले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि गाँउपालिकाले आफ्नो क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गतकर्जा लगानी गर्ने छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र **सुनकोशी गाउँपालिका (सिन्धुली जिल्ला)** बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा बिहिबार काठमाडौंमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र सुनकोशी गाँउपालिकाका अध्यक्ष दिपा बोहोरा(दाहाल) ले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि गाँउपालिकाले आफ्नो क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ । गाँउपालिकाले सिफारिश गरेका उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र **शिवसताक्षी नगरपालिका (झापा जिल्ला)**बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा झापामा सम्झौता भएको छ । सम्झौता पत्रमा बैंकका १ नं. प्रदेशका प्रादेशिक प्रबन्धक ऋषभ भट्टराई र शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्र कुमार शेर्मा बीच हस्ताक्षर कार्यक्रम सम्पन्न भयो ।



**सुझाव तथा प्रतिक्रियाको लागिः** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक
ई-मेलः rbbnl@rbb.com.np, फोनः ०१-४२५२५९५, Ext. २४२३

# बैक र परिषद् बीच सम्झौता युवालाई उद्यमशीलता विकास र वित्तीय साक्षरताको तालिम संचालन गरिने



**काठमाडौं, २ पुस**

युवालाई उद्यमशीलताको मार्गदर्शन गराई उद्यमशीलताको विकास र वित्तीय साक्षरताको तालिम कार्यक्रम संचालन गर्ने सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र राष्ट्रिय युवा परिषद् बीच काठमाडौंमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेलले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पछि राष्ट्रिय युवा परिषद्ले प्रत्येक प्रदेशका पाँचवटा पालिकास्तमा जम्मा ३५ समूहमा १६ देखि ४० वर्षसम्मका युवाहरुलाई उद्यमशीलता विकासको लागि उद्यमशीलता विकास र वित्तीय साक्षरता कार्यक्रम संचालन गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले उद्यमी बन्न चाहने युवा र बैंकबीचको खाडल यो सम्झौता पछी हट्ने बताउँदै लाखौ युवाहरु उत्पादनसँग जोडी स्वारोजगार बन्ने बताउनुभयो । राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष माधव ढुङ्गेलले यो तालिमले युवालाई व्यवसाय र शिप विकासको ज्ञान दिने हुँदा बैंकको कर्जा दुरुपयोग हुने जोखिम घट्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल तथा राष्ट्रिय युवा परिषद्का उपसचिव कमला ज्ञवालीले युवाहरुलाई यो कर्जाले उद्यमशीलताको विकास गर्न सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा परिषद्का प्रशासकिय प्रमुख डा. बाबुराम ढुङ्गाना, बैंकका उपकार्यकारी अधिकृतद्धय सरस्वती अधिकारी, देवेश प्रसाद लोहनी, विभागीय प्रमुखहरु सरोज बस्नेत, राज्य लक्ष्मी खड्गी, युवा उद्यमी संजालका संयोजक लोचन बस्नेत, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैक र सिप्रदी ट्रेडिङ्ग बीच सवारी कर्जा लगानी गर्ने सम्बन्धमा सम्झौता




**काठमाडौं, १३ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र सिप्रदी ट्रेडिङ्ग प्राइभेट लिमिटेड बीच सहुलियतपूर्ण तथा सवारी कर्जा लगानी गर्ने सम्बन्धमा दुईवटा अलग-अलग सम्झौता काठमाडौंमा सम्पन्न भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र सिप्रदी ट्रेडिङ्गका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

**पहिलो सम्झौता** सहुलियतपूर्ण कर्जा लगानी सम्बन्धी रहेको छ । सम्झौता पछी टाटा कम्पनीका व्यापारिक सवारी साधन खरीद गरेर व्यवसाय गर्न चाहने उद्यमीहरुलाई सिप्रदी ट्रेडिङ्गले आफ्नो तालिम केन्द्रमा आवश्यक तालिम प्रदान गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(संशोधन समेत) अन्तर्गत नियमानुसार सहुलियपूर्ण कर्जा लगानी गर्ने छ ।

**दोश्रो सम्झौता** नीजि तथा व्यापारिक सवारी कर्जा लगानी सम्बन्धी रहेको छ । सम्झौता पछी टाटा कम्पनीका नीजि तथा व्यापारिक सवारी साधन सिप्रदी ट्रेडिङ्ग मार्फत खरीद गर्न चाहने ग्राहकलाई बैंकले नियमानुसार कर्जा लगानी गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको प्रतिस्पर्धी क्षमता बृद्धि गर्नको लागि ठूला व्यापारिक संस्थाहरुसँगको सहकार्य फलदायी हुने बताउनुभयो । सिप्रदी ट्रेडिङ्गका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले यस्तो सम्झौताले व्यक्तिको आयस्तर बढ्नुका साथै देशको अर्थतन्त्र उकास्न टेवा पुग्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले सम्झौताले दुबै संस्थाको व्यवसाय बृद्धिमा सघाउ पुग्ने बताउनुभयो । बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनालले कार्यक्रम संचालन गर्नुभएको थियो ।

कार्यक्रममा बैंकका विभागीय प्रमुखहरु विनयरमण पौडेल, पद्मा लक्ष्मी जिसी, कम्पनी सचिव भोलानाथ पौडेल, सिप्रदी ट्रेडिङ्गका भाइस प्रेसिडेण्ट सौरभ थपलिया, सेल्स प्रमुख सरद न्यौपाने लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# उद्यमी बन्न .....

हो भन्नु हुँदै उत्पादन, श्रम, पूँजी, बजार र नीतिबीच तालमेल भए मात्र व्यवसाय सफल हुने बताउनुभयो । नेपालमै बसेर स्वरोजगार बन्छु भन्नेका लागि यो कार्यक्रम निकै उपयोगी हुने उहाँको भनाई थियो ।

आयोजकका अनुसार २०७७ माघ महिना भरी उद्यमी बन्न चाहने युवाका लागि नविनतम प्रवर्द्धन प्रस्ताव (स्टार्टअप आइडिया कल) को www.startupideacall.org वेबसाइट मार्फत नवप्रवर्द्धन प्रस्ताव आह्वान गरी संकलन गर्ने, उत्कृष्ट आइडिया पठाउने युवाहरुलाई उद्यमशीलता सम्वन्धी निशुल्क तालीम प्रदान गरी राष्ट्रिय वाणिज्य बैंक मार्फत बढीमा तीन प्रतिशत ब्याजदरमा अधिकतम १५ लाख रुपैयासम्म सहुलियतपूर्ण कर्जा लगानी गरिने छ ।

कार्यक्रममा बागमती प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय अरुण नेपालले बागमती प्रदेशभित्र व्यवसाय गर्ने दुई सय युवाहरुलाई लगानी गरिने बताउनुभयो । राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले यो कर्जा एकदमै सस्तो र सरल किसिमले पाउने भएकाले सदुपयोग गरी व्यवसाय गर्न आग्रह गर्नुभयो । नवप्रवर्द्धन प्रस्ताव आह्वान, तालीम सञ्चालन र सहुलियतपूर्ण कर्जा प्रवाह कार्यक्रमको समन्वय गरिरहेको विशाल फाउण्डेशनका प्रमुख कार्यकारी अधिकृत विशाल गैरेले त्रिपक्षीय सहकार्यमा निकट भविष्यमा यो कार्यक्रम अन्य प्रदेशमा पनि लैजाने बताउनुभयो ।

नयाँ नयाँ आइडिया भएर पनि कहाँ जाने, कस्लाई भेट्ने, लगानी कसरी खोज्ने, तालीम कसरी लिने भनेर दुविधामा भएका युवाहरुलाई माघ महिनासम्ममा आइडिया पठाउने, फागुन र चैत्र महिनामा तालीमप्रदान गरी सहुलियकतपूर्ण कर्जा प्रवाह हुने छ । नेपालमा उद्यमी बन्न चाहने युवाकालागि यो स्टार्टअप आइडिया कल निकै उपयोगी हुने विश्वास लिइएको छ ।

कार्यक्रममा बागमती प्रदेश सरकारका आन्तरीक मामिला तथा योजना मन्त्री माननीय कैलाप्रसाद ढुङ्गेल, राष्ट्रिय सभाका सांसद माननीय डा. बिमला राई पौडेल, बागमती प्रदेश सरकारका सचिव डा. सिन्धुप्रसाद ढुङ्गाना, विशाल फाउण्डेशनका अध्यक्ष नरेशप्रसाद श्रेष्ठले नयाँ नेपाल निर्माणका लागि यो कार्यक्रमको सफलताको लागि शुभकामना दिनुभयो । कार्यक्रममा युवा उद्यमी तथा सरोकारपक्षहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक र नेपाल घरेलु तथा साना उद्योग महासंघ बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता

**काठमाडौं, १४ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल घरेलु तथा साना उद्योग महासंघ बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल घरेलु तथा साना उद्योग महासंघका कार्यवाहक अध्यक्ष उमेश प्रसाद सिंहले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पछि नेपाल घरेलु तथा साना उद्योग महासंघमा आवद्ध रहेका उद्यमीहरुलाई महासंघले परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गतकर्जा लगानी गर्ने छ ।



समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात देशमा उद्यमशीलताको प्रशस्त विकास भई सरकारको नीति तथा कार्यक्रमको कार्यन्वयनमा थप सघाउ पुगी रोजगारी श्रृजना समेत हुने बताउनुभयो । श्रेष्ठले बैंकको ७ प्रदेश ७७ वटै जिल्लामा रहेको सबै शाखा कार्यालयहरुबाट यो कर्जा लिन सकिने बताउनुभयो । नेपाल घरेलु तथा साना उद्योग महासंघका कार्यवाहक अध्यक्ष उमेश प्रसाद सिंहले बैंकसंगको यो सहकार्यले घरेलु तथा साना उद्यमीहरुको वित्तीय पहुँचमा थप सघाउ पुग्ने बताउनुभयो । उहाले महासंघमा हाल ३५ हजार उद्यमी साधारण सदस्य रहेको र महासंघको सिफारिस बमोजिम लगानी भएको कर्जामा संस्थागत जमानत समेत रहने हुंदा कर्जा असुलीमा महासंघको पनि नैतिक दायित्व रहने बताउनुभयो ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकरी अधिकृत देवेन्द्ररमाण खनाल, विभागीय प्रमुखहरु, महासंघका महासचिव डम्बरप्रसाद रेग्मी लगायत पदाधिकारीहरुको उपस्थिति रहेको थियो । कृषि तथा सामाजिक बैंकिङ्ग विभागका प्रमुख राज्य लक्ष्मी खड्गीले कार्यक्रम संचालन गर्नु भएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक लि. र नेपाल पूर्व सशस्त्र प्रहरी संघ बीच सम्झौता



**काठमाडौं, २४ कातिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल पूर्व सशस्त्र प्रहरी संघ बीच संघका सदस्यहरुलाई बैंकले पेन्सनर कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल पूर्व सशस्त्र प्रहरी संघका अध्यक्ष किशोर कुमार लामाले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता भएपश्चात नेपाल पूर्व सशस्त्र प्रहरी संघले कर्जा आवश्यक भएका आफ्ना सदस्यहरुलाई बैंकमा सिफारिश गर्ने छ । बैंकले सिफारिश भएर आएका सदस्यहरुलाई बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही अधिकतम दश लाख रुपैंयासम्म आधार दरमा दुई प्रतिशत थप प्रिमियम जोडेर पेन्सनर कर्जा प्रवाह गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सशस्त्र प्रहरी सेवाबाट अवकाश प्राप्त गरेपछी पनि साना तथा मध्यम व्यवसाय गरी उद्यमसँग जोडी आफ्नो आर्थिक अवस्था सुधार गर्न यो कर्जाले सघाउ पुऱ्याउने बताउनुभयो । त्यैगरी संघका अध्यक्ष किशोर कुमार लामाले अवकाश प्राप्त सुरक्षाकर्मी साथीहरुले नोकरी पछी बैदेशिक रोजगारीमा नगई नेपालमै केही कार्य गर्न सकिने बताउनुभयो । समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी तथा संघकाका बरिष्ठ उपाध्यक्ष डा.ठाकुर मोहन श्रेष्ठले मन्तब्य व्यक्त गर्नुभएको थियो ।

उक्त समारोहमा बैंकका उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, विभागीय प्रमुखहरु विनयरमण पौडेल, पद्यमा लक्ष्मी जिसी, उपप्रमुख दामोदर ज्ञवाली, प्रबन्धक बालकुमार थापा र संघका तर्फबाट सचिव कविराज श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम कम्पनी सचिव भोलानाथ पौडेलले संचालन गर्नुभएको थियो ।

# बैंकद्वारा बलियो नेपाल न्युट्रिशन ईनिशिएटिवलाई आर्थिक सहयोग

**काठमाडौं, १४ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गत बलियो नेपाल न्यूट्रिशन ईनिशियटिवलाई पोषणयुक्त खानेकुरा वितरण गर्नको लागि आर्थिक सहयोग गरेको छ। सहयोग अन्तर्गत बर्दिया, कपिलबस्तु र नवलपरासी पश्चिमका क्षेत्रका विजयपुर, पालिनन्दन, प्रतापपुर र सुस्ता गाउँपालिकाका बालबालिकालाई ६० दिनसम्म पोषणयुक्त खानेकुरा वितरण गरिनेछ । यस सम्बन्धमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र बलियो नेपाल न्यूट्रिशन ईनिशियटिवका प्रमुख कार्यकारी अधिकृत डा.अतुल उपाध्याय बिच समझदारीपत्रमा एक कार्यक्रममा बिच हस्ताक्षर भएको छ ।

सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले स्वास्थ्य, वातावरण संरक्षण, शिक्षा, खेलकुद, वित्तीय साक्षरता लगायतको क्षेत्रमा मात्र नभएर बालबालिकालाई पोषणयुक्त खानेकुरा वितरणमा पनि बैंकले सिएसआर मार्फत सहयोग गरेको बताउनुभयो । बलियो नेपाल न्यूट्रिशन ईनिशियटिवका प्रमुख कार्यकारी अधिकृत डा.अतुल उपाध्यायले दुई वर्ष भन्दा कम उमेर समुहका बालबालिकालाई पोषणयुक्त खानेकुरा वितरणको लागि लुम्बिनी प्रदेशलाई पाइलट प्रोजेक्टको रुपमा चयन गरिएको बताउनुभयो। कार्यक्रम ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेतले संचालन गर्नुभएको थियो ।

**मानव संशाधन**

# मिति २०७७।०६।१४ देखि २०७७।०९।०९ गते सम्म भएका सरुवा तथा पदस्थापन विवरण

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री राजेन्द्र घिमिरे | १२४१७ | सु.ब.बिराटनगर | सु.ब.बिराटनगर | नगद सहायक |
| २ | श्री सिता पनेरु | १२०२० | डडेल्धुरा | टेकु | सहायक |
| ३ | श्री अशिम श्रेष्ठ | १२८३६ | डोटी | मैतीदेवी | सहायक |
| ४ | श्री नवराज ओझा | ११७७२ | डोटी | महेन्द्रनगर | सहायक |
| ५ | श्री नारायण कुँवर | १२९१८ | डोटी | महेन्द्रनगर | सहायक (सु.प्र.) |
| ६ | श्री ओम कुमार यादव | ११७७५ | डोटी | मिर्चैया | सहायक |
| ७ | श्री प्रितम राना | ११७७४ | डोटी | लुहाम | शाखा सहायक प्रबन्धक |
| ८ | श्री जिवन चौधरी | १२८२८ | बैतडी | भजनी | सहायक |
| ९ | श्री प्रकाश थारु | १२८३२ | बैतडी | वाँसगढी | सहायक |
| १० | श्री जनक राज जोशी | १२७४२ | बझाङ्ग | महेन्द्रनगर | सहायक |
| ११ | श्री उमा कुमारी नाथ | १२८१६ | बझाङ्ग | धनगढी | सहायक |
| १२ | श्री भरत गिरी | ११९९९ | बझाङ्ग | धनगढी | सहायक |
| १३ | श्री धन बहादुर बि.क. | १२८७९ | बाजुरा | ठमेल | सहायक |
| १४ | श्री पार्वती बम | १३०१५ | बाजुरा | बाजुरा | नगद सहायक |
| १५ | श्री कृष्ण देव गिरी | १०९६४ | बाजुरा | लम्की | नगद सहायक |
| १६ | श्री केशव गिरी | १२८८६ | बाजुरा | हसुलिया | सहायक |
| १७ | श्री प्रतिज्ञा भट्ट | १२८०९ | दार्चुला | मुख्य शाखा कार्यालय, काठमाण्डौ | सहायक |
| १८ | श्री रोशन पाल | १२६७७ | दार्चुला | मुख्य शाखा कार्यालय, काठमाण्डौ | सहायक |
| १९ | श्री भागीरथी नगरी | १२०१४ | दार्चुला | धनगढी | सहायक |
| २० | श्री दिपेन्द्र बहादुर भण्डारी | १२३६४ | अत्तरिया | सु.प.प्र.का.धनगढी | सहायक |
| २१ | श्री बिन्दु कुमारी भण्डारी | ११७६९ | मंगलसेन | बानेश्वर | सहायक |
| २२ | श्री लोमस प्रसाद भट्टराई | १२६८६ | मंगलसेन | भजनी | सहायक |
| २३ | श्री डम्बर खत्री | ११७६८ | मंगलसेन | शिवसरोजस्थल | सहायक |
| २४ | श्री दुर्गा टाडी | १२३३८ | शिवसरोजस्थल | लम्की | सहायक |
| २५ | श्री झन्कार रावल | १२७२७ | मंगलसेन | कर्पोरेट | सहायक |
| २६ | श्री नन्दन जोशी | १२८८९ | मष्टा | श्रीपुर बेलौरी | सहायक |
| २७ | श्री शान्ति चौधरी | १३०१७ | मष्टा | मष्टा | नगद सहायक |
| २८ | श्री कृष्ण कुमार श्रेष्ठ | १३०१० | मष्टा | मष्टा | शाखा सहायक प्रबन्धक |
| २९ | श्री हेमराज बोगटी | १२४०८ | मष्टा | प्रस्तावित शा.भैसेपाटी हाल पुल्चोक | नगद सहायक |
| ३० | श्री राम कृष्ण थारु | १२७७७ | भजनी | नेपालगञ्ज | सहायक |
| ३१ | श्री अशोक थापा | १२००७ | भजनी | धनगढी | सहायक |
| ३२ | श्री राजेन्द्र बहादुर विष्ट | १२७३४ | दिपायल | सु.प.प्र.का.धनगढी | सहायक |
| ३३ | श्री दुर्गा कुमारी ऐर | ११७७३ | दिपायल | अतरिया | सहायक |
| ३४ | श्री महेश ताम्राकार | १२८७४ | दिपायल | कम्प्लायन्स विभाग | सहायक |
| ३५ | श्री पुष्कर पौडेल | १२९७७ | लुहाम | लुहाम | नगद सहायक |
| ३६ | श्री प्रेम प्रसाद चौलागाई | १२६१५ | लम्की | टोखा | शाखा सहायक प्रबन्धक |
| ३७ | श्री नरेश प्रसाद भट्ट | १२३६९ | लम्की | महेन्द्रनगर | सहायक (नगदं) |
| ३८ | श्री प्रेम लाल डगौरा | १२६५६ | लम्की | कोहलपुर | सहायक |
| ३९ | श्री मान बहादुर बुढा | १२००१ | कोल्टी | सुर्खेत | सहायक |
| ४० | श्री तपेन्द्र बहादुर शाह | १२७४० | कोल्टी | अतरिया | सहायक |
| ४१ | श्री कृष्ण कुमार साह | १३०१६ | कोल्टी | कोल्टी | नगद सहायक |
| ४२ | श्री प्रतिभा भण्डारी | ११८३१ | धनगढी | सु.प.प्र.का.धनगढी | ब.स. (सु.प्र.) |
| ४३ | श्री हरिदत्त जोशी | १०६९७ | धनगढी | सु.प.प्र.का.धनगढी | बरिष्ठ सहायक |
| ४४ | श्री नेहा पाल सिंह | १२४६८ | धनगढी | कलंकी | करार (सहायक) |
| ४५ | श्री सरोज पन्थी | १२१६५ | हसुलिया | क्याम्पसचोक | सहायक |
| ४६ | श्री सुशिला चन्द | १२६०४ | हसुलिया | क्याम्पसचोक | शाखा सहायक प्रबन्धक |
| ४७ | श्री अन्जु चौधरी | १२९९२ | छार्कातामसोङ्ग | छार्कातामसोङ्ग | नगद सहायक |
| ४८ | श्री अमित गुभाजु | १२८२० | छार्कातामसोङ्ग | कोहलपुर | सहायक |
| ४९ | श्री कुल बहादुर महतरा | १२९९१ | डोल्पोबौद्ध | डोल्पोबौद्ध | नगद सहायक |
| ५० | श्री अमरनाथ योगी | १२७५७ | डोल्पोबौद्ध | मेहेल्कुना | सहायक |
| ५१ | श्री कुन्दन गुप्ता | १२५६४ | सुर्खेत | वित्त विभाग | सहायक प्रबन्धक (लेखा) |
| ५२ | श्री शोभा बि.सी. | १००७८ | सुर्खेत | कर्णाली प्र.का.सुर्खेत | बरिष्ठ सहायक |
| ५३ | श्री कल बहादुर बुढा | ११९९३ | सुर्खेत | कर्णाली प्रदेश का.सुर्खेत | सहायक प्रबन्धक |
| ५४ | श्री लविता थापा | १२५२२ | सुर्खेत | कर्जा प्रशासन विभाग | सहायक प्रबन्धक |
| ५५ | श्री बिनिता पोखरेल | १२५८७ | सुर्खेत | थापाथली | बरिष्ठ सहायक |
| ५६ | श्री सुरेन्द्र सेजुवाल | १२८८७ | सोरु | प्रस्ता.शा.का.भैसेपाटी हाल ललितपुर | सहायक |
| ५७ | श्री खुसब आचार्य | १२९८९ | सोरु | सोरु | नगद सहायक |
| ५८ | श्री तेजेन्द्र आचार्य | १२७७६ | सोरु | विद्यापुर | सहायक (नगदं) |
| ५९ | श्री चन्द्र बहादुर रोकाया | १२९९० | दुनै | दुनै | नगद सहायक |
| ६० | श्री कमल रावल | १२६९१ | दुनै | नेपालगञ्ज | सहायक |
| ६१ | श्री विष्णु पौडयाल | १२३२० | दुल्लु | सुर्खेत | सहायक |
| ६२ | श्री महेश कुमार भट्टराई | १२६२७ | दैलेख | सुर्खेत | ब.स. (नगद) |
| ६३ | श्री पुर्ण प्रसाद उपाध्याय | ११९१३ | दैलेख | बिरेन्द्रनगर | सहायक |
| ६४ | श्री बिजय चपाई | १२५७९ | मुगुमकार्मारोङ्ग | दैलेख | शाखा सहायक प्रबन्धक |
| ६५ | श्री भरत कुमारी चौधरी | १२९८५ | मुगुमकार्मारोङ्ग | मुगुमकार्मारोङ्ग | शाखा सहायक प्रबन्धक |
| ६६ | श्री चन्द्र बहादुर पुन | १३०९४ | मुगुमकार्मारोङ्ग | मुगुमकार्मारोङ्ग | नगद सहायक |
| ६७ | श्री आशिष ज्ञवाली | १२७१८ | मुगुमकार्मारोङ्ग | नेपालगञ्ज | सहायक |
| ६८ | श्री मिन बहादुर थापा | १२९८६ | मुडकेचुला | मुडकेचुला | नगद सहायक |
| ६९ | श्री राम प्रसाद खनाल | १२८९५ | मुडकेचुला | लमही | सहायक (नगदं) |
| ७० | श्री सरोज न्यौपाने | ११९९६ | मुगु | दैलेख | सहायक |
| ७१ | श्री राजेन्द्र मल्ल | १२३२६ | मुगु | दुल्लु | सहायक |
| ७२ | श्री राम बहादर खत्री | १२७१६ | मुगु | मुगु | नगद सहायक |
| ७३ | श्री शोभा कुमारी बुढा | ११९९७ | मुगु | लम्की | सहायक |
| ७४ | श्री टिका चालिसे | १२८१७ | मेहेल्कुना | प्रस्ता.शा.का.स्वयम्भु हाल बालाजु | सहायक |
| ७५ | श्री रमेश खड्का | १२७४७ | मान्म | मेहेल्कुना | सहायक |
| ७६ | श्री प्रकाश धौलाकोटी | १२९१३ | मान्म | मान्म | नगद सहायक |
| ७७ | श्री लक्ष्मण न्यौपाने | १२२८२ | मान्म | नेपालगञ्ज | नगद सहायक |
| ७८ | श्री शिवनाथ तिवारी | ११०३५ | नेपालगञ्ज | नेपालगञ्ज | बरिष्ठ सहायक |
| ७९ | श्री चन्द्र प्रकाश बराल | ११९१८ | मान्म | कर्णाली प्रदेश का.सुर्खेत | सहायक |
| ८० | श्री हेमन्त राज न्यौपाने | १२६५४ | जुम्ला | जुम्ला | शाखा सहायक प्रबन्धक |
| ८१ | श्री चुडामणि अधिकारी | ११९९१ | जुम्ला | बिर्तामोड | सहायक |
| ८२ | श्री अभिनाश लामिछाने | ११९९० | जुम्ला | वित्त विभाग | सहायक |
| ८३ | श्री बिक्रम डगौरा | १२११० | जुम्ला | लम्की | शाखा सहायक प्रबन्धक |
| ८४ | श्री झलक आचार्य | १२७४१ | सिमिकोट | दैलेख | सहायक |
| ८५ | श्री हरि प्रसाद पोखरेल | १२३८० | सिमिकोट | विद्यापुर | सहायक (नगदं) |
| ८६ | श्री मनोज कण्डेल | ११९९२ | सिमिकोट | कम्प्लायन्स विभाग | सहायक |
| ८७ | श्री अकेश नेपाली | १२१७९ | लुहाम | त्रिभुवनचोक | कनिष्ठ सहायक |
| ८८ | श्री रवि प्रसाद कानु | १२५६५ | धनगढी | बिरगञ्ज | सहायक प्रबन्धक (लेखा) |
| ८९ | श्री पद्यालक्ष्मी जि.सी. | ११२०४ | अन्तरशाखा हिसाब मिलान विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | विभागीय प्रमुख |
| ९० | श्री रोजना विष्ट | १२४४३ | संस्थागत तथा सा.म.कर्जा विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | प्रबन्धक |
| ९१ | श्री रमिता मुनिकार | १२०८० | संस्थागत तथा सा.म.कर्जा विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | सहायक प्रबन्धक |
| ९२ | श्री श्रृजना बस्नेत | १२२२८ | संस्थागत तथा सा.म.कर्जा विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | सहायक प्रबन्धक |
| ९३ | श्री बरुण खड्का | ११५२० | संस्थागत तथा सा.म.कर्जा विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | बरिष्ठ सहायक (सु.प्र.) |
| ९४ | श्री स्मिता भण्डारी | ११५४९ | संस्थागत तथा सा.म.कर्जा विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | बरिष्ठ सहायक (सु.प्र.) |
| ९५ | श्री दुर्गा देवी तिमिल्सिना | ११५९६ | संस्थागत तथा सा.म.कर्जा विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | उप प्रबन्धक |
| ९६ | श्री बज्रमोहन अधिकारी | १११९१ | मुख्य शाखा कार्यालय, काठमाण्डौ | कर्जा प्रशासन विभाग | विभागीय प्रमुख |
| ९७ | श्री बाल कुमार थापा | ११०६६ | संस्थागत तथा सा.म.कर्जा विभाग | कर्जा प्रशासन विभाग | प्रबन्धक |
| ९८ | श्री ऋषि भुषण चौधरी | ११७०० | आन्तरिक लेखा परीक्षण विभाग | कर्जा प्रशासन विभाग | उप प्रबन्धक (कानून) |
| ९९ | श्री प्रतिमा के.सी. | १२५४७ | कम्प्लायन्स विभाग | कर्जा प्रशासन विभाग | सहायक प्रबन्धक (कानून) |
| १०० | श्री बेनी श्रेष्ठ | १२४८४ | संस्थागत तथा सा.म.कर्जा विभाग | ट्रेड फाइनान्स विभाग | विभागीय प्रमुख |
| १०१ | श्री प्रज्वल ध्वज थापा | १२२२१ | संस्थागत तथा सा.म.कर्जा विभाग | ट्रेड फाइनान्स विभाग | उप प्रबन्धक (लेखा) |
| १०२ | श्री पुर्ण प्रसाद ज्ञवाली | ११००६ | ट्रेजरी विभाग | ट्रेड फाइनान्स विभाग | बरिष्ठ सहायक |
| १०३ | श्री शुशिला श्रेष्ठ | १२२६० | ट्रेजरी विभाग | ट्रेड फाइनान्स विभाग | सहायक प्रबन्धक |
| १०४ | श्री अच्युत उपाध्याय | ११५९१ | ट्रेजरी विभाग | आन्तरिक लेखा परीक्षण विभाग | उप प्रबन्धक |
| १०५ | श्री राजेश कुमार अग्रवाल | १०८७८ | व्य.सूचना प्रणाली तथा बजेट विभाग | सुदुरपश्चिम प्रदेश कार्यालय | प्रादेशिक प्रबन्धक |
| १०६ | श्री हेमराज खरेल | १११९२ | सामान्य सेवा विभाग | मुख्य शाखा कार्यालय, काठमाण्डौ | शाखा सहायक प्रबन्धक |
| १०७ | श्री ऋषिराम ढकाल | १११८७ | गण्डकी प्रदेश कार्यालय, पोखरा | डिजिटल बैंकिङ्ग विभाग | विभागीय प्रमुख |
| १०८ | श्री दिनेश गौतम | १११६६ | आन्तरिक लेखा परीक्षण विभाग | योजना अनुसन्धान तथा व्य. सुचना प्रणाली विभाग | विभागीय प्रमुख |
| १०९ | श्री प्रमोद अधिकारी | ११२०२ | अमरसिंहचोक | गण्डकी प्रदेश कार्यालय, पोखरा | प्रादेशिक प्रबन्धक |
| ११० | श्री लेखनाथ अधिकारी | ११०६१ | भैरहवा | अमरसिंहचोक | शाखा प्रबन्धक |
| १११ | श्री हरिराम पराजुली | १२४३९ | गण्डकी प्रदेश कार्यालय, पोखरा | भैरहवा | शाखा प्रबन्धक |
| ११२ | श्री केशव राज खनाल | ११०६७ | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | कर्णाली प्रदेश कार्यालय, सुर्खेत | प्रबन्धक |
| ११३ | श्री हस्त बहादुर शाही | ११४७० | मुख्य शाखा कार्यालय, काठमाण्डौ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सहायक प्रबन्धक |
| ११४ | श्री द्धपायन रेग्मी | १२६४७ | हाङ्गपाङ्ग | प्रमुख कार्यकारी अधिकृतको कार्यालय | सहायक प्रबन्धक |
| ११५ | श्री दिनेश ओझा | १११७७ | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | भुक्तानी तथा फर्स्योट विभाग | प्रबन्धक |
| ११६ | श्री बैदेही कुमार | ११०८७ | कृषि तथा सामाजिक बैंकिङ्ग विभाग | सिकाई तथा विकास विभाग | प्रबन्धक |
| ११७ | श्री हितकाजी गुरुङ्ग | ११३९६ | गण्डकी प्रदेश कार्यालय, पोखरा | भुक्तानी तथा फर्स्योट विभाग | प्रबन्धक (सु.प्र.) |
| ११८ | श्री निरोज विष्ट | ११८१२ | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक (सु.प्र.) |
| ११९ | श्री नबिन औजी | १२१४६ | ट्रेजरी विभाग | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक (सु.प्र.) |
| १२० | श्री देवकान्त चौधरी | ११८०५ | ट्रेजरी विभाग | भुक्तानी तथा फर्स्योट विभाग | सहायक (सु.प्र.) |
| १२१ | श्री मेरिना श्रेष्ठ | १२३४७ | ट्रेजरी विभाग | भुक्तानी तथा फर्स्योट विभाग | सहायक |
| १२२ | श्री सुरज बाबु श्रेष्ठ | १००६२ | ट्रेजरी विभाग | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक |
| १२३ | श्री उषा दुलाल | ११८४२ | ट्रेजरी विभाग | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक (सु.प्र.) |
| १२४ | श्री कुसुम के.सी. | ११७८८ | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक (सु.प्र.) |
| १२५ | श्री रारा दाहाल | ११७५० | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | सहायक (नगद) |
| १२६ | श्री शोभा प्रधान | ११०२८ | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक |
| १२७ | श्री सुरुचि बलामी | ११८३९ | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक (सु.प्र.) |
| १२८ | श्री ज्योती भण्डारी | १२२७२ | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक |
| १२९ | श्री शिवराम ढकाल | १२२९३ | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | बरिष्ठ सहायक (नगद) |
| १३० | श्री रेखा महर्जन | १२४०० | थापाथली | भुक्तानी तथा फर्स्योट विभाग | सहायक (नगद) |
| १३१ | श्री अर्ज(न पनेरु | ११६०६ | थापाथली | मैतीदेवी | शाखा प्रबन्धक |
| १३२ | श्री कपिल कुमार कार्की | ११०८६ | मैतीदेवी | माहाराजगञ्ज | शाखा प्रबन्धक |
| १३३ | श्री राजु तिवारी | ११०५४ | माहाराजगञ्ज | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | प्रबन्धक |
| १३४ | श्री रुद्रनाथ पोखरेल | ११६७६ | पुर्वाधार बैंकिङ्ग विभाग | जोखिम व्यवस्थापन विभाग | प्रबन्धक (लेखा) |
| १३५ | श्री तारा कुमार निरौला | ६७८८ | बसन्तपुर | हिले | शाखा प्रबन्धक |
| १३६ | श्री नेत्र बहादुर श्रेष्ठ | ११०५३ | सिजुवाबजार | बसन्तपुर | शाखा प्रबन्धक |
| १३७ | श्री मोहन राई | ११७०७ | हिले | सिजुवाबजार | शाखा प्रबन्धक |
| १३८ | श्री लोक प्रसाद पौडेल | १२१६० | कुश्मा | शेराबजार | शाखा प्रबन्धक |
| १३९ | श्री दिनेश पोखरेल | १२७७३ | नाम्चेबजार | सुनवल | नगद सहायक |
| १४० | श्री रमेश प्रसाद न्यौपाने | १०५५४ | सुनवल | रामनगरबजार | नगद सहायक |
| १४१ | श्री अशोक कुमार साह | १३०८१ | लुंखुदेउराली | लुंखुदेउराली | नगद सहायक |
| १४२ | श्री कन्चन कुमार महतो | १२४०३ | लुंखुदेउराली | गैंडाकोट | नगद सहायक |
| १४३ | श्री पुष्पराज घिमिरे | ११४९१ | बिदुर | संस्थागत तथा सा.म.कर्जा विभाग | सहायक प्रबन्धक |
| १४४ | श्री रिमा श्रेष्ठ | १२५३७ | बिदुर | बिदुर | शाखा प्रबन्धक |
| १४५ | श्री बिष्णु खड्का | १२४२६ | गजुरी | गजुरी | नगद सहायक |
| १४६ | श्री संगिता शर्मा | १३२१२ | होलेरी | होलेरी | नगद सहायक |
| १४७ | श्री तेजेन्द्र आचार्य | १२७७६ | विद्यापुर | विद्यापुर | नगद सहायक |
| १४८ | श्री दिपेन्द्र पोखरेल | १३१८३ | स्याङ्गजाबजार | स्याङ्गजाबजार | नगद सहायक |
| १४९ | श्री राजु तिवारी | ११०५४ | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | उप प्रमुख |
| १५० | श्री बैदेही कुमार | ११०८७ | सिकाई तथा विकास विभाग | सिकाई तथा विकास विभाग | उप प्रमुख |
| १५१ | श्री चेतराज भट्ट | १११८५ | कर्जा अनुगमन तथा असुली विभाग | कर्जा अनुगमन तथा असुली विभाग | उप प्रमुख |
| १५२ | श्री बिष्णु प्रसाद कण्डेल | ११३७२ | कानुन विभाग | कानून विभाग | उप प्रमुख |
| १५३ | श्री बुद्धि प्रसाद अधिकारी | ११३९५ | सूचना प्रविधि विभाग | सूचना प्रविधि विभाग | उप प्रमुख |
| १५४ | श्री हेमन्त बहादुर जि.सी. | ११३८४ | डिजिटल बैंकिङ्ग विभाग | डिजिटल बैंकिङ्ग विभाग | उप प्रमुख |
| १५५ | श्री केशवराज खनाल | ११०६७ | कर्णाली प्रदेश कार्यालय, सुर्खेत | कर्णाली प्रदेश कार्यालय, सुर्खेत | उप प्रमुख |
| १५६ | श्री बिमल प्रसाद जोशी | ११३९८ | सूचना प्रविधि विभाग | भुक्तानी तथा फर्स्योट विभाग | प्रबन्धक (सु.प्र.) |
| १५७ | श्री द्वैपायन रेग्मी | १२६४७ | प्रमुख कार्यकारी अधिकृतको कार्यालय | ट्रेड फाइनान्स विभाग | सहायक प्रबन्धक |
| १५८ | श्री संगिता यादव | १२३११ | ललितपुर | ललितपुर | नगद सहायक |
| १५९ | श्री बुद्ध लक्ष्मी श्रेष्ठ | १२७८४ | सिन्धुली | सिंहदरवार परिसर | नगद सहायक |
| १६० | श्री बिश्वनाथ पौडेल | ९२३३ | बेनीबजार | बेनीबजार | नगद सहायक |
| १६१ | श्री स्वस्तिका काफ्ले | १३०७५ | आरुघाट | आरुघाट | नगद सहायक |
| १६२ | श्री विनिता गुरुङ्ग | १२९६० | आरुघाट | आरुघाट | सहायक (नगद) |
| १६३ | श्री विनिता लम्साल | १३०९० | सिउरेनीटार काउन्टर | सिउरेनीटार काउन्टर | नगद सहायक |
| १६४ | श्री अरुण कुमार महतो | १३०८३ | सिउरेनीटार काउन्टर | सिउरेनीटार काउन्टर | काउन्टर इन्चार्ज |
| १६५ | श्री प्रतिमा पौडेल | १२३७१ | पातिचौर | पातिचौर | सहायक (नगद) |
| १६६ | श्री अनुज आचार्य | १३०८८ | पातिचौर | पातिचौर | नगद सहायक |
| १६७ | श्री भवानी प्रसाद पौडेल | १२९७२ | बुटवल खस्यौली | कोहलपुर | नगद सहायक |
| १६८ | श्री खेमराज ओझा | १२०१० | डडेल्धुरा | शिवसरोजस्थल | नगद सहायक |

## राष्ट्रिय वाणिज्य बैंक लि.को ५६ औं बार्षिकोत्सव समारोह सम्बन्धी मूल समिति तथा अन्य उपसमितिहरुको नामावली:

मुल समिति:

| क्र.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | प्र.का.अ.श्री किरणकुमार श्रेष्ठ |
| २ | सदस्य | ना.प्र.का.अ.श्री कविराज अधिकारी |
| ३ | सदस्य | उ.का.अ.श्री सरस्वती अधिकारी |
| ४ | सदस्य | उ.का.अ.श्री देवेश प्रसाद लोहनी |
| ५ | सदस्य | उ.का.अ.श्री देवेन्द्ररमण खनाल |
| ६ | सदस्य | बि.प्र.श्री पवन रेग्मी |
| ७ | सदस्य | बि.प्र.श्री विमल डंगोल |
| ८ | सदस्य | बि.प्र.श्री विनयरमण पौडेल |
| ९ | सदस्य | शा.प्र.श्री दुर्गा कुमारी कडेंल |
| १० | सदस्य | बि.प्र.श्री नारायण प्रसाद लामिछाने |
| ११ | सदस्य | बि.प्र.श्री कमलेश ठाकर |
| १२ | सदस्य | बि.प्र.श्री रिको स्थापित |
| १३ | सदस्य | बि.प्र.श्री निम्बल श्रेष्ठ |
| १४ | सदस्य | बि.प्र.श्री संजय कुमार श्रेष्ठ |
| १५ | सदस्य | बि.प्र.श्री कृष्ण साह |
| १६ | सदस्य | प्रा.प्र.श्री सोनी श्रेष्ठ |
| १७ | सदस्य | बि.प्र.श्री पदमा लक्ष्मी जि.सी. |
| १८ | सदस्य | बि.प्र.श्री राज्य लक्ष्मी खड्गी |
| १९ | सदस्य | बि.प्र.श्री गायत्री श्रेष्ठ |
| २० | सदस्य | बि.प्र.श्री भिम प्रसाद घिमिरे |
| २१ | सदस्य | बि.प्र.श्री सन्दीपजङ्ग कार्की |
| २२ | सदस्य | बि.प्र.श्री ऋषिराम ढकाल |
| २३ | सदस्य | बि.प्र.श्री भवानीशंकर निरौला |
| २४ | सदस्य | बि.प्र.श्री दिपकराज न्यौपाने |
| २५ | सदस्य | बि.प्र.श्री दिनेश गौतम |
| २६ | सदस्य | बि.प्र.श्री बेनी श्रेष्ठ |
| २७ | सदस्य | बि.प्र.श्री ब्रजमोहन अधिकारी |
| २८ | सदस्य | बि.प्र.श्री ध्रुव प्रसाद अर्याल |
| २९ | सदस्य | क.स.श्री भोलानाथ पौडेल |
| ३० | सदस्य | बि.प्र.श्री सरोज बस्नेत |
| ३१ | सदस्य | शा.प्र.श्री अच्युत गौतम |
| ३२ | सदस्य | अध्यक्ष श्री हेमराज सुवेदी (रा.बा.बैंक कर्मचारी संघ) |
| ३३ | सदस्य | अध्यक्ष श्री गगन सिंह घिमिरे (ने.बि.सं.क.सं.,रा.बा.बैंक) |
| ३४ | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की (ने.रा.क.सं, रा.बा.बैंक) |

उप-समितिहरु

१.अतिथि सत्कार तथा अन्तर संवाद कार्यक्रम उप-समिति

| क्र.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री कविराज अधिकारी |
| २ | सह-संयोजक | उप कार्यकारी अधिकृत श्री सरस्वति अधिकारी |
| ३ | सदस्य | उप कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी |
| ४ | सदस्य | उप कार्यकारी अधिकृत श्री देवेन्द्ररमण खनाल |
| ५ | सदस्य | मुख्य प्रवन्धक श्री पवन रेग्मी |
| ६ | सदस्य | बिभागीय प्रवन्धक श्री नारायण प्रसाद लामिछाने |
| ७ | सदस्य | बिभागीय प्रबन्धक श्री कमलेश ठाकुर |
| ८ | सदस्य | मुख्य प्रबन्धक श्री भिम प्रसाद घिमिरे |
| ९ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सरोज बस्नेत |
| १० | सदस्य | प्रबन्धक श्री दिपेन्द्र कार्की |

२. प्रकाशन तथा प्रचार प्रसार उप-समिति:

| क्र.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री देवेन्द्ररमण खनाल |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री दुर्गा कुमारी कडेंल |
| ३ | सदस्य | बरिष्ठ प्रबन्धक श्री भोलानाथ पौडेल |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक श्री भवानी शंकर निरौला |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक श्री दिपक राज न्यौपाने |
| ६ | सदस्य | प्रबन्धक श्री हेमराज सुवेदी |
| ७ | सदस्य | ब.स. श्री ईश्वर उप्रेती |

३. मन्च तथा प्रविधि व्यवस्थापन उप-समिति:

| | | |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री विमल डंगोल |
| ३ | सदस्य | मुख्य प्रबन्धक श्री निम्बल श्रेष्ठ |
| ४ | सदस्य | मुख्य प्रबन्धक श्री रिको स्थापित |
| ५ | सदस्य | का.मु मुख्य प्रबन्धक श्री कृष्ण साह |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक श्री पद्मलक्ष्मी जि.सी. |
| ७ | सदस्य | बरिष्ठ प्रबन्धक श्री ऋषिराम ढकाल |
| ८ | सदस्य | बरिष्ठ प्रबन्धक श्री ध्रुव प्रसाद अर्याल |
| ९ | सदस्य | बरिष्ठ प्रबन्धक श्री अच्युत गौतम |
| १० | सदस्य | प्रबन्धक श्री गगन सिंह घिमिरे |

४. रक्तदान उप-समिति:

| क्र.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री सरस्वती अधिकारी |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री विनयरमण पौडेल |
| ३ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सञ्जय कुमार श्रेष्ठ |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक श्री राज्य लक्ष्मि खड्गी |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सोनी श्रेष्ठ |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक श्री गायत्री श्रेष्ठ |
| ७ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सन्दिपजंग कार्की |
| ८ | सदस्य | बरिष्ठ प्रबन्धक श्री बेनी श्रेष्ठ |
| ९ | सदस्य | बरिष्ठ प्रबन्धक श्री ब्रजमोहन अधिकारी |
| १० | सदस्य | उप प्रबन्धक श्री जितेन्द्र सिंह थापा |

# उर्जा बचत कार्य गरे वापत रा.वा.बैंकद्वारा विभिन्न कम्पनीलाई अनुदान रकम हस्तान्तरण



**काठमाडौं, २९ मंसीर**

राष्ट्रिय वाणिज्य बैंकद्धारा जर्मन सरकारबाट KFW बैंक मार्फत प्राप्त अनुदान सहयोगमा संचालित 'Energy Efficiency Program Nepal' को अनुदान सहयोग कार्यक्रम अर्न्तगतरकम हस्तान्तरण गरेको छ । बैंकले पशुपति आइरन एण्ड स्टील प्रा.लि.लाई एक करोड रुपैंया, बोटलर्स नेपाल लि.लाई ५२ लाख ९४ हजाररुपैंया, बागमती आयल इन्डष्ट्रिजलाई ४३ लाख ३५ हजाररुपैंया, हिमाल आइरन एण्ड स्टील प्रा.लि.लाई सात लाख ३४ हजार रुपैंया र इस्ट एशियन प्लाष्टिक इन्डष्ट्रिज प्रा.लि.लाई दुई लाख ४० हजार रुपैंयारकम हस्तान्तरण गरेको छ । त्यस्तै मंसीर ९ गते भएको अर्को समारोहमा बैंकले अनुदान सहयोग कार्यक्रम अर्न्तगत प्रिमियर अर्गानिक्स् प्रा.लि.लाई ५३ लाख ५१ हजार पाँच सय चौरासी रुपैंया, हुलास स्टील इन्डस्ट्रिज प्रा.लि.लाई ३३ लाख १५ हजार छ सय रुपैंया, प्रिमियर स्टिल प्रा.लि.लाई १७ लाख आठ हजार चार सय छपन्न रुपैंया रकम हस्तान्तरण गरेको छ ।



मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी कम्पनीहरुले यन्त्र उपकरण जडान गरेको हुंदा स्विकृत अनुदान कार्यविधि अनुसार अनुदान सहयोग सम्झौता आदान प्रदान तथा अनुदान रकमको चेक एक समारोहका बिच हस्तान्तरण गरिएको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलेले चेक हस्तान्तरण गर्दै अन्य उद्योगहरुलाई उर्जा बचत गर्ने कार्यमा लगानी गरी यस कार्यक्रममा सहभागी हुन आव्हान गर्नुभयो । उहाँले हालसम्म १७ वटा उद्योगहरुलाई छ करोड ७४ लाख रुपैंया भन्दा बढी अनुदान रकम हस्तान्तरण गरिसकेको बताउनुभयो । नेपाल सरकार र जर्मन सरकार बीच सन् २०१० मा नेपालको औद्योगिक तथा व्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी उर्जा बचत गर्ने सम्झौता बमोजिम राष्ट्रिय वाणिज्य बैंकले 'Energy Efficiency Program Nepal' आयोजना कार्यन्वयनको लागि Project Executing Agency (PEA) को रुपमा सहायता सम्बन्धी कार्य गर्ने गरेको छ ।

यस आयोजना अन्तर्गत नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३९ प्रतिशत सम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंक मार्फत उपलब्ध गराइने छ । यस आयोजना अन्तर्गत कुनै एक ईकाइले मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरणमा लगानी गरेमा स्विकृत अनुदान कार्यविधि भित्र रही अधिकतम रु. १ करोड सम्मको सहायता रकमका लागि दरखास्त दिन पाइनेछ ।

युनियन गतिविधि

# नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा.बैंकको १५औं वार्षिकोत्सव सम्पन्न



**काठमाडौं, २१ पुस**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १५ औं बार्षिकोत्सवक कार्यक्रम दरबारमार्ग, काठमाडौंमा शुभकामना आदनप्रदान सहित सम्पन्न भएको छ। नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष दिपेन्द्र कार्कीको सभापतित्वमा भएको समारोहमा नेपाल राष्ट्रिय कर्मचारी महासंघका सल्लाहकार संयोजक मोहनमान स्वांरले प्रमुख आतिथ्यता गर्नुको साथै बिशिष्ट अतिथि राष्ट्रिय वाणिज्य बैंकका सञ्चालक समिति सदस्य जनक बराल र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ रहनु भएको थियो।

प्रमुख अतिथि एवं नेपाल राष्ट्रिय कर्मचारी महासंघका सल्लाहकार संयोजक मोहनमान स्वारले ट्रेड युनियनहरुको हालको परिवर्तित भूमिकाको बारेमा प्रकाश पार्नु हुँदै राष्ट्रिय वाणिज्य बैंकमा क्रियाशिल ट्रेड युनियनहरुले पेसागत आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको विचार व्यक्त गर्नुभयो। विशिष्ट अतिथि एवं सञ्चालक समितिका सदस्य जनक बराललले कृयाशिल ट्रेड युनियनहरु बैंक व्यवस्थापन र सञ्चालक समितिको एकआपसमा सहकार्य गर्दै अघि बढ्नु पर्ने धारणामा जोड दिनु भयो। विशिष्ट अतिथि एवं प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकमा करीब ७५० जना कर्मचारीहरु अभाव भएतापनि विभिन्न कारण पदपूर्ती गर्न नसकिएको हुनाले अबका दिनमा उक्त समस्याको समाधानको लागि बैंक व्यबस्थापनले तोकेको निर्धारित समय भन्दा अधिक समय काम गरी बैंकलाई संचालन गर्नु पर्ने स्थिति सिर्जना भएको जानकारी गराउनु भयो। संगठनका अध्यक्ष दिपेन्द्र कार्कीले हालै ट्रेड युनियनको तर्फबाट सम्मानित सर्बोच्च अदालतमा दायर भएको रिट निबेदनमा भएको फैसलालाई छिटो भन्दा छिटो कर्मचारीहरुको पक्षमा कार्यान्वयन गर्नको लागि अनुरोध गर्नुका साथै करार तथा ज्यालादारी कर्मचारीहरुलाई वृद्धी विकस सहित उचित व्यबस्थापन गर्न ध्यानाकर्षण गराउनुभयो। कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका बरिष्ठ उपाध्यक्ष ईश्वर बहादुर सिंहले शुभकामना व्यक्त गर्नु भएको थियो। संगठनका महासचिव उभार पाण्डेले संचालन गर्नुभएको सो कार्यक्रममा संगठनमा आवद्ध रहेका बैंक सेवाबाट निवृत्त भएका कर्मचारीहरुलाई विदाई गरिएको थियो।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत सि.ए. देवेन्द्र रमण खनाल, संगठनका केन्द्रीय समितिका सल्लाहकार सदस्य लगायत केन्द्रीय समितिका पदधिकारीहरु, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु, बागमति प्रदेश कमिटी, जिल्ला कमिटी तथा इकाई कमिटीका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

यसै बीच, नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लि. कर्णाली प्रदेश कमिटिले एक कार्यक्रमका बीच संगठनको १५ औं बार्षिकोत्सवको अवसरमा वीरेन्द्रनगर सुर्खेत स्थित मानब सेवा आश्रममा एक कार्यक्रम गरी फलफुल वितरण गरेको जानकारी प्राप्त भएको छ।

# फियन रा.वा.बैंकलाई स्वास्थ्य अभियान अन्तर्गत सामग्री हस्तान्तरण




**काठमाडौं, ७ पुस**

यूनआई, सास्क र नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य अभियान अन्तर्गत नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा. बैंकलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको छ।नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष गगनसिंह घिमिरेको सभापतित्वमा सम्पन्न कार्यक्रमको प्रमुख आतिथ्यतता नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष पदमरमज रेग्मीले गर्नुभएको थियो भने फियन रा.वा.बैंकका बरिष्ठ उपाध्यक्ष ईश्वर बहादुर सिंहले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो। सो अवसरमा कोभिड-१९ ले पारेको असरको विषयमा फियनले बैंक तथा वित्तीय संस्थाहरुमा देखाएको सक्रियता र उपलब्धिको बारेमा चर्चा गरिएको थियो। कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो।

# रा.वा.बैंककै Point of Sale (POS) सेवा शुरु




**काठमाडौं, १ कातिक**

राष्ट्रिय वाणिज्य बैकले गत दशै एवं तिहार लगायतको पर्वलाई मध्यनजर गर्दै कार्तिक १ गतेबाट आफ्ना सम्पूर्ण शाखाहरु मार्फत विद्युतिय माध्यमबाट भुक्तानीको व्यवस्थालाई व्यापक तथा प्रभावकारी बनाउने प्रयोजनको लागि रा.वा.बैंककै Point of Sale (POS) को माध्यमबाट भुक्तानी सेवा शुरु गरिएको छ।

अब देशभर रहेको विभिन्न व्यवसायहरुमा राष्ट्रिय वाणिज्य बैंकको कार्डबाट रा.वा.बैंककै POS को माध्यमबाट रकम भुक्तानि गर्दा कारोबारमा अधिकतम १५ प्रतिशत वा एक हजार रुपैंया जुन कम हुन्छ सो रकम क्यासब्याक हुने छ। विश्वव्यापीरुपमा फैलिएको माहामारीबाट टाढा रहनको लागि समेत विद्युतिय भुक्तानी प्रणाली सहयोगी हुन सक्ने र यस प्रकारको प्रणालीबाट ग्राहकवर्ग, बैंकको सेवाग्राहीहरु तथा समग्र समाजलाई अधिकतम फाईदा पुग्ने बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बताउनुभयो।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

वर्ष २८ अंक २ कात्तिक - पुस २०७७ Year 28 Vol 2 Nov 2020 - Jan. 2021

# रा.वा. बैंकको ब्राण्ड एम्बासडरमा मिस नेपाल वर्ल्ड २०२० नम्रता श्रेष्ठ नियुक्त




**काठमाडौं, २४ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आफ्नो व्यवसाय प्रवर्द्धनको लागि मिस नेपाल वर्ल्ड-२०२० नम्रता श्रेष्ठलाई एक कार्यक्रमका बीच ब्रान्ड एम्बासडरमा नियुक्ति गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक र दी हिडन ट्रेजर प्रा.लि. बीच भएको सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष दीवाकर राजकर्णिकारले हस्ताक्षर गर्नु भएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकले प्रवाह गरिरेको आधुनिक बैंकिङ्ग सेवाको बारेमा ग्राहकहरुमा थप जानकारी दिई आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नको निमित्त बैंकले आफ्नो ब्रान्ड एम्बासडरमा मिस नेपाल वर्ल्ड २०२० नम्रता श्रेष्ठलाई नियुक्ति गरिएको बताउनुभयो। सो कार्यक्रममा दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष दीवाकर राजकर्णिकारले यस्तो सम्झौताले दुवै स्स्थाको इमेज निर्माण भई देशको पर्यटन तथा आर्थिक क्षेत्रको विकासमा सहयोग पुग्ने बताउनुभयो। सो कार्यक्रममा मिस नेपाल वर्ल्ड २०२० नम्रता श्रेष्ठले आफु सरकारी स्वमात्विमा रहेको वाणिज्य बैंकको ब्रान्ड एम्बासडर हुन पाउदा अत्यन्त खुसी लागेको बताउनुभयो। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले स्वागत मन्तब्य व्यक्त गर्नुभएको कार्यकमको संचालन ईश्वर उप्रेतीले गर्नुभएको थियो।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेश प्रसाद लोहनी, देवेन्द्ररमण खनाल, बैंक व्यवस्थापन समितिका सदस्यहरु, दी हिडेन ट्रेजरका निर्देशकद्धय सुवर्ण क्षेत्री र प्रमोद कंसकार लगायत बैंक कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## ब्राञ्च प्रोफाइल

## शाखा कार्यालय कुस्मा (३४०)

### (आ.व. २०७५।०७६ मा 'घ' वर्गमध्ये प्रथम भएको शाखा)



| | |
|---|---|
| कुल निक्षेप | : रु. ७१,५०,६१,७७४।९० |
| कुल कर्जा | : रु. ६१,४४,२७,७००।४० |
| मुनाफा | : रु. ४,०४,३६,४२४।७७ |
| कुल ग्राहक संख्या | : १३१९३ |
| कुल कर्मचारी संख्या | : ७ |
| शाखा प्रबन्धक | : नवराज ढुंगाना |
| शाखा कार्यालयको स्थापना | : २०५७ |
| **प्रति कर्मचारी** | |
| निक्षेप | : रु. १०,२१,५१,६८२।१२ |
| कर्जा | : रु. ८,७७,७५,३८५।७७ |
| मुनाफा | : रु. ५७,७६,६३२।११ |

**सफलताको रहस्य :**

प्रभावकारी ग्राहक सेवा, कुशल एवम् प्रभावकारी नेतृत्व, Young and Energetic कर्मचारी, प्रभावकारी समुह कार्य, उपलव्ध श्रोत र साधनहरुको समुचित उपयोग, रा.वा. बैंक प्रतिको ग्राहक महानुभावहरुको अटुट विश्वास र सदासयता, केन्द्रिय कार्यालय तथा गण्डकी प्रदेश कार्यालयको निर्देशन, सहयोग, समन्वय, नियमित अनुगमन तथा मार्गदर्शन।

## समवेदना

यस बैंकका के.का. आन्तरीक लेखा परीक्षण विभागमा कार्यरत उपप्रबन्धक शरदकुमार श्रेष्ठ (१०२२५) की आमा ईश्वरी श्रेष्ठ, के.का. सामान्य सेवा विभागमा कार्यरत सवारी चालक माइला महर्जन(१२२१५) की आमा हर्षदेवी महर्जन, शा.का. वानेश्वरमा कार्यरत नगद अधिकृत मंगलप्रसाद छुस्यावाग(९०४०) की आमा श्रीमाया छुस्यावाग, शा.का. ठमेलमा कार्यरत सहायक प्रबन्धक अनुजा दुलाल(१२०९०) की ससुरा ज्वालाप्रसाद रेग्मी, गण्डकी.प्रा.का.मा कार्यरत सु.गा. डम्बरबहादुर थापा (११३०८) की आमा नेत्रकला थापा, शा.का. पिडारीचोकमा कार्यरत बरिष्ठ सहायक रामएकवाल साह (८७१२) की आमा राजोदेवी साहु सुडी, के.का. कम्प्लायन्स विभागमा कार्यरत उपप्रबन्धक ज्योति भट्ट (११६११) की ससुरा गणेशदत्त लेखक, शा.का. फलेवासमा कार्यरत कनिष्ठ सहायक शैलेश आचार्य (१२९२५) को पिता रामप्रसाद शर्मा, के.का. सामान्य सेवा विभागमा कार्यरत मुख्य सवारी चालक सुमन पराजुली (१०९०५) को पिता कृष्णहरि पराजुली, के.का. सामान्य सेवा विभागमा कार्यरत दिपक थापा (११५६५) को पिता श्याम थापा, शा.का.धनुषा महेन्द्रनगरमा कार्यरत बरिष्ठ सहायक अच्यूतम न्यौपाने (११६६७) को पिता ढुण्डीराज न्यौपाने, शा.का. हेटौंडामा कार्यरत शाखा प्रबन्धक हेमराज मरहठ्ठा (१११६९) को पिता होमनाथ मरहठ्ठा, शा.का. थापाथलीमा कार्यरत सु.गा. धनबहादुर गुरुङ्ग(११३३८) की श्रीमती सावित्री गुरुङ्ग, शा.का. लाहानमा कार्यरत बरिष्ठ सहायक बिभाकुमारी साह (११६७१) की ससुरा वेचन साह तेली, शा.का. अर्जुनचौपारीमा कार्यरत बरिष्ठ सहायक कृष्णप्रसाद ढकाल (११७४२) को पिता गोपालप्रसाद ढकाल, के.का. वित्त विभागमा कार्यरत विभागीय उपप्रमुख राजु थापा (११२१५) को पिता डम्वरबहादुर थापा, शा.का. दिपायलमा कार्यरत सहायक कमला बजगांई(१२९९९) की सासु मयश्वरी देवी उपाध्याय, शा.का.चैनपुरमा कार्यरत सहायक शाखा प्रबन्धक भरतमोहन भट्टराई (१२७२४) को पिता पूर्णप्रसाद भट्टराई, शा.का. गैंडाकोटमा कार्यरत नगद सहायक हरिराम विष्ट (१०८८४) र शा.का. वाणगंगामा कार्यरत कार्यालय सहयोगी भीमप्रसाद शर्मा (१०१९३) को केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Aadesh Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9841068987